प्रस्ताब नं. १ धन्यबाद ज्ञापन सम्वन्धमा ।

निर्णय नं. १ः  प्रस्ताबना नं. १ माथि छलफलगर्दा मिति २०७९/०१/३० गते सम्पन्न भएको स्थानीय तहको दोश्रो निर्वाचनमा बसबरिया गाउँबासी नागरिकहरुको उत्साजनक सहभागिता रहेको साथै जनप्रतिनिधिहरु चयन गर्न मतदाताहरुले प्रयोग गर्नुभएको सार्वभौम बिबेकको सम्मान गर्दै हार्दिक धन्यवाद र आभार व्यक्त गर्दै निर्वाचन सफल पार्न सहयोग गर्ने राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल र आम गाउँबासीमा धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो।

प्रस्ताब नं. २ः समिति गठन सम्वन्धमा ।

निर्णय नं. २ः प्रस्ताबना नं. २ माथि छलफलगर्दा स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७८ बमोजिम तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

**१. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

- गाउँपालिका अध्यक्ष श्री राम सिंहासन राय    संयोजक
- गाउँपालिका उपाध्यक्ष श्री सरिता कुमारी    सदस्य
- श्री रामचन्द्र राय    सदस्य
- श्री राजेन्द्र प्रसाद साह    सदस्य
- श्री सरिता सहनी मलाह    सदस्य
- श्री दहउरी देबी दुसाद    सदस्य
- नि.प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रकाश राय    सदस्य सचिब

**२. बजेट तथा कार्यक्रम तजुर्मा समिति**

- गाउँपालिका उपाध्यक्ष श्री सरिता कुमारी    संयोजक
- श्री शिबेंन्द्र मोहन यादब    सदस्य
- श्री केदार महतो    सदस्य
- श्री सुर्जा देबी यादब    सदस्य
- श्री सुशिला देबी    सदस्य
- नि.प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रकाश राय    सदस्य सचिब

**३. राजश्व परामर्श समिति**

- गाउँपालिका उपाध्यक्ष श्री सरिता कुमारी संयोजक
- श्री सिता देबी सदस्य
- श्री नगेन्द्र प्रसाद साह सदस्य
- श्री दहउरी देबी दुसाद सदस्य
- श्री शिबेन्द्र मोहन यादब सदस्य
- नि.प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रकाश राय सदस्य
- लेखापाल श्री जयराम दास सदस्य सचिब

४. विषयगत समिति

**(क) आर्थिक विकास**

- श्री बिन्देश्वर यादब - संयोजक
- श्री दहउरी देबी दुसाद - सदस्य
- श्री सुशिला देबी साह- सदस्य
- सम्बन्धित क्षेत्रको विषयगत शाखा प्रमुख - सदस्य
- कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको शाखा प्रमुख - सदस्य सचिव

**(ख) सामाजिक विकास**

- श्री नन्दलाल महतो - संयोजक
- श्री दहउरी देबी दुसाद - सदस्य
- श्री सुशिला देबी- सदस्य
- सम्बन्धित क्षेत्रको विषयगत शाखा प्रमुख - सदस्य
- कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको शाखा प्रमुख - सदस्य सचिव

**(ग) पूर्वाधार विकास**

- श्री शिबेन्द्र मोहन यादब - संयोजक
- श्री सिता देबी यादब - सदस्य
- श्री सरिता सहनी मलाह- सदस्य
- सम्बन्धित क्षेत्रको विषयगत शाखा प्रमुख - सदस्य
- कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको शाखा प्रमुख - सदस्य सचिव

**(घ) वातावरण तथा विपद्व्यवस्थापन**

- श्री नगेन्द्र प्रसाद साह - संयोजक
- श्री राजेन्द्र प्रसाद साह - सदस्य
- श्री सरिता देबी सहनी मलाह- सदस्य
- सम्बन्धित क्षेत्रको विषयगत शाखा प्रमुख - सदस्य
- कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको शाखा प्रमुख - सदस्य सचिव

**(ङ) संस्थागत विकास र सुशासन**

- श्री राम चन्द्र राय - संयोजक
- श्री सुर्जा देबी यादब - सदस्य
- श्री केदार महतो- सदस्य
- सम्बन्धित क्षेत्रको विषयगत शाखा प्रमुख - सदस्य
- कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको शाखा प्रमुख - सदस्य सचिव

**अनुगमन समिति**

(क) श्री सरिता कुमारी - संयोजक
(ख) श्री शिबेन्द्र मोहन यादब - सदस्य
(ग) श्री सरिता सहनी मलाह — सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) प्रमुख, योजना शाखा र एकाइ - सदस्य सचिव

नोटः समितिमा आवश्यकताअनुसार कार्यपालिकाका अन्य सदस्य, विषय विज्ञ वा कर्मचारीलाईआमन्त्रण गर्नसकिनेछ । साथै समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित आयोजनाका प्रमुख वा प्रतिनिधि, प्राविधिक वा विषय विज्ञलाई आमन्त्रण गर्नसकिनेछ ।

**वडास्तरीय अनुगमन समिति**

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक
(ख) वडा सदस्यहरू - सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

प्रस्ताब नं. ३ः प्रबक्ता तोक्ने सम्वन्धमा

निर्णय नं. ३ः प्रस्ताबना नं. ३ माथि छलफलगर्दा बसबरिया गाउँ कार्यपालिकाले गरेका निर्णयहरु सर्बसाधारणको लागि जानकारी गराउने तथा महत्वपूर्ण बिषयमा आम नागरिकमा सत्य तथ्य सूचना प्रबाह गर्नको लागि **वडा नं. १ का वडा अध्यक्ष श्री शिबेन्द्र मोहन यादब** लाई गाउँपालिकाको प्रबक्ता तोक्ने निर्णय गरियो ।

प्रस्ताब नं. ४ः गाउँसभा सम्वन्धमा

निर्णय नं. ४ः प्रस्ताबना नं. ३ माथि छलफलगर्दा बसबरिया गाउँपालिकाको लागि आ.व. २०७९/८० मा तपसिलका अनुमानित आय (आम्दानी) अनुसार बस्ती/टोल स्तरबाट योजना छनोट गरि वडा समितिमा जेष्ठ मसान्त भित्रमा पेशगर्ने र सम्वन्धित समितिहरुले आबश्यक बैठक बसी कार्यपालिकाको अर्को बैठक मिति २०७९/०२/३० मा पेश गरि आगामी आ.व.२०७९/८० छैठौ गाउँसभाको समय तालिका बनाई गाउँसभाको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**तपसिलः**

## संघीय सरकारबाट प्राप्त अनुदानः

| त्रैमासिक विभाजन सहितको बजेट (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| | रकम | त्रैमासिक | | | |
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| 80102353 बसबरीया गाउँपालिका | 255000 | 63761 | 63761 | 63761 | 63717 |
| 26331 समानिकरण अनुदान | 101000 | 25250 | 25250 | 25250 | 25250 |
| 26332 सशर्त अनुदान (चालु ) | 106900 | 26735 | 26735 | 26735 | 26695 |
| 26334 समपुरक अनुदान | 11000 | 2750 | 2750 | 2750 | 2750 |
| 26336 सशर्त अनुदान (पुंजीगत) | 21100 | 5276 | 5276 | 5276 | 5272 |
| 26337 विशेष अनुदान (पुंजीगत ) | 15000 | 3750 | 3750 | 3750 | 3750 |
| जम्मा | 255000 | 63761 | 63761 | 63761 | 63717 |

राजश्व बाडफाड संघीय सरकार रु. ७,३४,५७,०००/-

## मधेश प्रदेश बाट प्राप्त अनुदानः

१. शसर्त अनुदान रु ८०,००,०००/-

२. बिशेष अनुदान रु. ४०,००,०००/-

३. समपुरक अनुदान रु. २५,००,०००/-

प्रस्ताब नं. ५: खर्च सम्वन्धमा ।

निर्णय नं. ५: प्रस्ताबना नं. ५ माथि छलफलगर्दा स्थानीय तह सदस्य निर्वाचन,२०७९ मा निर्बाचित जनप्रतिनिधिहरुको सपथ ग्रहण तथा स्वागत कार्यक्रममा भएका र कार्यालयको स्कर्पियो मर्मत बापतको सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताब नं. ६: एम्बुलेन्स खरिद सम्वन्धमा ।

निर्णय नं. ६: प्रस्ताबना नं. ६ माथि छलफलगर्दा आ.व.२०७८/७९ मा निर्णय भएको सबारी साधन (एम्बुलेन) खरिदको लागि रु ६०,००,०००/- बिनियोजन भएकोमा हाल बजेटको अभाबको कारणले गर्दा मिति २०७९/०२/११ गतेका दिन गा.पा. अध्यक्ष ज्यू द्वारा भएको निर्णय अनुसार हाल लाई एक थान मात्र एम्बुलेन्स मानपुर स्वास्थ्य चौकीको लागि खरिद प्रकिया अबिलम्भ अगाडी बढाउन निर्णय गरियो ।

प्रस्ताब नं. ७: ताकेता सम्वन्धमा ।

निर्णय नं. ७: प्रस्ताबना नं. ७ माथि छलफलगर्दा आ.व.२०७८/७९ मा सम्झौता भएका सम्पूर्ण निर्माण कार्यको प्रगति प्रतिबेदन सम्वन्धित शाखाबाट माग गरि कार्य सुचारु नभएको योजनाहरुलाई ताकेता गरि चाडो भन्दा चाडो सुरुगर्ने प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताब नं. ८: स्वास्थ्यमा कार्यरत करार कर्मचारीको तलब सम्वन्धमा ।

निर्णय नं. ८: प्रस्ताबना नं. ८ माथि छलफलगर्दा स्वास्थ्य तर्फका करार कर्मचारीहरु लाई स्वास्थ्य शाखा संयोजक र सम्वन्धित वडाका वडा अध्यक्ष र गाउँपालिका प्रमुखको सिफारिसको निर्णय अनुसार जेष्ठ महिना सम्मको तलब दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९: ज्यालादारीको तलब सम्वन्धमा ।

निर्णय नं. ९: प्रस्तावना नं. ९ माथि छलफलगर्दा सम्वन्धित वडामा कामगर्ने कर्मचारीको हकमा कार्यालय/फाटको प्रमुख तथा वडा अध्यक्ष सिफारिस र गा.पा. मा कार्यरत कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृत र गा.पा. अध्यक्ष ज्यूको सिफारिस अनुसार तलब भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १०: योजना सम्वन्धमा ।

निर्णय नं. १०: प्रस्तावना नं. १० माथि छलफलगर्दा हाल सम्म उपभोक्ता समिति संग सम्झौता भएका योजना तथा कार्यक्रमको अनुगमन गरि काम सुरु नभएको योजना कार्यक्रमको बजेट अपुग भएको हुदाँ सम्झौता खारेज गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११: पेश्की सम्वन्धमा ।

निर्णय नं. ११: प्रस्तावना नं. ११ माथि छलफलगर्दा यस बसबरिया गाउँपालिकाबाट बिभिन्न कार्यकम/योजना बाट पेश्की लिई कार्यको प्रतिबेदन पेश गर्न नसकेको र आर्थिक बर्षको अन्तिम चरणमा भएको हुनाले सम्वन्धित सबैलाई प्रत्राचार गरि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२: न्यायिक समिति गठन सम्वन्धमा ।

निर्णय नं. १२: प्रस्तावना नं. १२ माथि छलफलगर्दा संविधानको धारा २१७ बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न यस बसबरिया गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

- गाउँपालिका उपाध्यक्ष श्री सरिता कुमारी — संयोजक
- वडा नं. २ का वडा अध्यक्ष श्री बिन्देश्वर यादब- सदस्य
- वडा नं. ५ का वडा अध्यक्ष श्री राम चन्द्र राय- सदस्य

**प्रस्ताब नं. १३ः प्रदेश सरकार संग योजना माग सम्वन्धमा**

निर्णय नं. १३ः प्रस्ताबना नं. १३ माथि छलफलगर्दा मधेश प्रदेश सरकार (समपुरक अनुदान) बाट रु २० लाख प्राप्त भएको तर हाल सम्म कुनै पनि योजना समाबेस नभएकोले तपसिलको योजना माग गर्न अर्थ मन्त्रालय, मधेश प्रदेश जनकपुरधाम संग योजना माग गर्ने निर्णय गरियो ।

**तपसिल**

१.) वडा नं. १ को छतौन देखि बसबरिया सम्म बाटो मर्मत तथा ग्रेभल रु २० लाख

**प्रस्ताब नं. १४ः बालविकास, बिद्यालय कर्मचारी तथा बिद्यालय सहयोगीहरुको छुट तलब सम्वन्धमा**

निर्णय नं. १४ः प्रस्ताबना नं. १४ माथि छलफलगर्दा यस बसबरिया गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण बिद्यालयका कार्यरत बालविकास कर्मचारी, बिद्यालय कर्मचारी तथा बिद्यालय सहयोगीहरुको छुट तलब ६ महिनाको ७००० का दरले भुक्तानी दिने निर्णय गरियो ।